बरेङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
फोन नं.- ९८५७६३२३२८
इमेल -barengrm@gmail.com
वेब -www.barengmun.gov.np
गण्डकी प्रदेश, नेपाल

# करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७७/०७/०४)

यस कार्यालयको मिति २०७७/०७/०३ को निर्णय अनुसार गाउँपालिका अन्तरगतका अस्थायी कोविड अस्पताल तथा बिभिन्न स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरि तपशिल बमोजिमको पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा पद पुर्ती गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सूचना नं | पद | तह | सेवा | समुह | माग संख्या | कार्य क्षेत्र |
|---|---|---|---|---|---|---|
| ०१\२०७७\०७८ | मेडिकल अफिसर | अधिकृत आठौं | स्वास्थ्य | चिकित्सा | १ | अस्थायी कोविड अस्पताल |
| ०२\२०७७\०७८ | स्टाफ नर्स | सहायक पाचौं | स्वास्थ्य | ज न | २ | अस्थायी कोविड अस्पताल |
| ०३\२०७७\०७८ | स्टाफ नर्स | सहायक पाचौं | स्वास्थ्य | ज न | १ | गाँउपालिका अन्तरगत |
| ०४\२०७७\०७८ | अ हे व | सहायक चौथो | स्वास्थ्य | हे.ई. | ४ | गाँउपालिका अन्तरगतका स्वास्थ्य संस्था |
| ०५\२०७७\०७८ | अ न मी | सहायक चौथो | स्वास्थ्य | क न | ४ | गाँउपालिका अन्तरगतका स्वास्थ्य संस्था |
| ०६\२०७७\०७८ | का स | श्रेणी बिहिन | सा प्र | सा प्र | १ | अस्थायी कोविड अस्पताल |

**१. शैक्षिक योग्यता र अनुभव:**

1. नेपाली नागरिक ।
2. पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हक मा १८ वर्ष पुराभई ४० वर्ष ननाघेको ।
3. अन्य प्रचलित कानुन द्वारा अयोग्य नभएको ।
4. मेडिकल अफिसरको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एम बि बि एस कोर्ष उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। स्टाफ नर्सको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उत्तीर्ण गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको। अ न मी को लागी मान्यता प्राप्त शिक्षण संस्थामा अ न मी कोर्ष उत्तीर्ण गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको। अ हे व को लागी मान्यता प्राप्त शिक्षण संस्थामा अ हे व कोर्ष उत्तीर्ण गरि नेपाल स्वास्थ्य ब्यबसायी परिषदमा दर्ता भएको हुनुपर्ने। यदि परिषद दर्ता सम्भव नभएमा सम्बन्धीत परिषदमा दर्ता प्रकृया शुरु गरिएको आधिकारिक पत्रको आधारमा समेत दरखास्त पेश गर्न बाधा नपर्ने।

२. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

३. परिक्षा दस्तुर मेडिकल अफिसरको लागी रु. १,०००।-, स्टाफ नर्सको लागी रु. ८००।-, अ हे व र अ न मी को लागी रु. ६००।- र का स को लागी रु. ४००।- गाँउपालिकाको प्रभु बैंकमा रहेको आन्तरिक राजस्व खाता न. १४४०११२७१७५०००६१ मा दाखिलागरेको भौचर संलग्न हुनुपर्ने छ।

४. छनौटको किसिमः लिखित परिक्षा, अन्तरवार्ता र आवस्यकता अनुसार प्रयोगात्मक।

५. परिक्षा मितिः- सम्पर्क मितिमा तोकिने छ।

६. तलब सुबिधाः- मेडिकल अफिसर, स्टाफ नर्स र का स को हकमा नेपाल सरकारद्वारा तोकेबमोजिम र अन्यको हकमा मासिक रु. २०,०००।-

७. दरखास्त बुझाउने अन्तिम मितिः- २०७७/०७/१८ गते कार्यालय समय भित्र।

८. सम्पर्क मितिः- २०७७/०७/१९ गते

९. थप जानकारीको लागीः- स्वास्थ्य शाखा – ९८६५०६१८१० सूचना प्रविधि शाखा- ९८४७६५९३२७

नोटः उम्मेदवारको छनौट बरेङ गाँउपालिका करारमा प्राबिधिक कर्माचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७६ बमोजिम हुनेछ।

रमेश थापा
प्रमुख प्रशासकीय अधिकृत